# विराटनगर महानगरपालिका

बैठक संख्याः ८५
मितिः २०७७/११/२६

बैठक प्रारम्भः दिउसो ३:०० बजे
बैठक स्थगनः साँझ ५:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री दुर्गा प्रसाद खतिवडा | |
| ३० | आमन्त्रित सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | आमन्त्रित सहयोगी | श्री केवल पोखरेल | |
| ३२ | आमन्त्रित सहयोगी | श्री धिरज राई | |

निर्णय नं. १

स्थानीय तहका लागि तयार गरिएको स्वास्थ्य संस्था संचालन निर्देशिका २०७५ को पहिलो संसोधन, २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

छैठौं नगरसभाबाट पारित ढल शुल्कमा हाउसहोल्ड (घर परिवारले उपयोग गर्ने भवन) को हकमा ५० प्रतिशत छुट दिने, साथै स्वास्थ्य क्लिनिक र ट्यूसन सेन्टरलाई अलगगै वर्गीकरण गरी शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आगामी सातौं नगरसभाको लागि प्रस्ताव तथा विविध विषयमा थप छलफल गर्न मिति २०७७/११/२७ गते दिउँसो ३:०० बजे बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. ४

भू-उपयोग कार्यान्वयन उपसमितिबाट तयार पारी पेश गरिएको भू-उपयोग कार्यविधि, २०७७ स्वीकृतिका लागि स्थानीय भू-उपयोग परिषदमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

मिति २०७७/१०/२३ गतेको नगर शिक्षा समितिबाट स्वीकृत विराटनगर महानगरपालिकाको स्थानीय पाठ्यक्रम **हाम्रो विराटनगर** लाई अनुमोदन गरी शैक्षिक सत्र २०७८ बाट कार्यन्वयनमा लैजाने निर्णय गरियो साथै सो पाठ्यक्रम प्रमाणीकरणको अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली बमोजिम तयार गरी पेश गरिएको विराटनगर महानगरपालिकाको **यातायात व्यवस्था कार्यविधि, २०७७** पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

विराटनगर महानगरपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने निर्माण कार्य र उपभोक्ता समितिलाई व्यवस्थित गर्न तयार गरी पेश भएको **भौतिक पूर्वाधार निर्माण उपभोक्ता समिति सम्बन्धी कार्यविधि, २०७७** पारित गर्ने निर्णय गरिएको ।

निर्णय नं. ८

हुलाकी राजमार्ग सडकखण्ड अन्तर्गत विराटनगर क्षेत्रको हकमा सिंघिया खोलाको दुबैतर्फ हुँदै पुष्पलाल चोक, मानगढ मार्गबाट राजवंशी चोक वा दक्षिण रिङरोडमार्फत सडक विस्तार गर्न सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

वडा नं. १७ को वडा कार्यालयसँगैको खेलमैदानको लागि अपुग जग्गा खरिदको लागि रु. ४० लाख बजेट पुस्तिकाको पाना नं. ५९, सि.नं. ५६ मा जग्गा खरिदका लागि विनियोजन भएको शिर्षकबाट व्यवस्थापन गर्ने र आवश्यक खरिद प्रक्रियामा जाने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निर्णय गरियो ।

निर्णय नं. १०

वडा नं. ७ धर्मभक्त मार्ग नाला तथा सडक निर्माणको लागि रु. ५० लाख विनियोजन भएको र उक्त योजना सञ्चालन गर्न अत्यावश्यक रहेको र सो रकम अपुग हुने हुँदा बहुवर्षिय योजना अन्तर्गत यस आ.व.को लागि रु. १ करोड बजेट आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निर्णय गरियो ।

निर्णय नं. ११

विगत २०६२ र २०७२ सालदेखि निरन्तर रुपमा भारी सवारी चालकको पदमा रही कार्य गरिरहेका देहायका सवारी चालक कर्मचारीहरुलाई २०७७ साल चैत्र महिनादेखि लागू हुनेगरी नियुक्त भएको पद बमोजिमको तलबभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नामथर | नियुक्ति/पद | सेवा करार मिति |
|---|---|---|---|
| १ | शर्मलाल तामाङ | भा.स.च. चौंथो | २०६२/०८/०७ |
| २ | गोपाल तामाङ | भा.स.च. चौंथो | २०६३/११/१८ |
| ३ | प्रल्हाद कटुवाल | भा.स.च. चौंथो | २०६३/०४/१५ |
| ४ | ठिठर राजवंशी | भा.स.च. प्रथम | २०७२/०१/२२ |
| ५ | अजय कुमार राजवंशी | भा.स.च. प्रथम | २०७०/११/३० |
| ६ | कृष्ण प्रसाद दाहाल | भा.स.च. चौंथो | २०६२/०९/०१ |

निर्णय नं. १२

वार्षिक नीति, कार्यक्रम तथा बजेट आ.व. २०७७/०७८, पाना नं. ६५ (सि.नं. १०७) मा विनियोजित बजेटबाट मानवसेवा आश्रमलााई रु. १५ लाख, पूर्वाञ्चल बालसेवा आश्रमलाई रु. ७ लाख र विराटेश्वर वृद्धाश्रमलाई रु. २,९३,५००।० उपलब्ध गराइएकोलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै, पाना नं. ७५ (सि.नं. २३८) मा विनियोजित बजेटबाट झटियाही युवा क्लबलाई क्रिकेट खेल सञ्चालन गर्न रु. २ लाख र मिल्स गोल्डकप फुटबल ट्रष्टलाई फुटबल खेल सञ्चालन गर्न रु. २ लाख सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ११ र वडा नं. ६ बाट माग भइआएका देहाय बमोजिमको आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

वडा नं. ११

(१) जनपथ मा.वि.को प्राङ्गणमा बगैंचा निर्माण, सरसफाई तथा मर्मतसम्भार
(२) अरुणोदय आधारभूत विद्यालयमा सरसफाई तथा मर्मतसम्भार

(३) वडाभित्र रहेको नहर साथै विभिन्न पिच सडकहरुको सरसफाई तथा मर्मतसम्भार

वडा नं. ६

(१) वडाभित्र रहेको नहर सरसफाई तथा मर्मतसम्भार

(२) वडाभित्र रहेका बाटाहरुको दुबैपट्टि वृक्षारोपण

**निर्णय नं. १४**

विराटनगर महानगरपालका क्षेत्रभित्र अस्थायी हाटबजार पूर्वाधार उपयोग सेवा शुल्क संकलनका लागि आ.व. २०७६/०७६ को दररेट अनुसार सार्वजनिक सूचना प्रकाशन गरी आय ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

वडा नं. ७ स्थित वीरेन्द्र सभागृहको दक्षिणपट्टि रहेको पार्क सञ्चालनका लागि न्यूनतम ठेक अङ्क मासिक रु. १,००,०००।० कायम गरी पहिलो पटक ठेक्का आह्वान गरिएकोमा कुनै पनि प्रस्ताव पर्न नआएको हुँदा न्यूनतम ठेक अङ्क मासिक रु. ५०,०००।० (पचास हजार) दर हुनेगरी वार्षिक ठेक्काको लागि सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो ।